केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ पूर्वाधार ⁄ १ ⁄ ०७७ ⁄ ७८

मिति: २०७७ ⁄ १० ⁄ २७

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकको लागि जारी गरिएको निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन ⁄ परिमार्जन ⁄ नयाँ व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(देवकुमार ढकाल)**
**कार्यकारी निर्देशक**

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकको लागि जारी गरिएको निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा गरिएको संशोधन/परिमार्जन/नयाँ व्यवस्था सम्बन्धी तालिका:

| निर्देशन नं. | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|
| **निर्देशन नं.२.को बुँदा नं. १** | **१. कर्जा तथा सुविधा :**<br>संस्थाले पूर्वाधार विकाससँग सम्वन्धित परियोजनाहरुमा मात्र कर्जाहरु प्रवाह गर्न सक्ने छ । बैंकले रु. ३० करोड प्रति परियोजना भन्दा कम कर्जा तथा सुविधाको सीमा स्वीकृति तथा प्रवाह गर्न सक्नेछैन ।<br>तर, आफुले जारी गरेको मुद्दती निक्षेप रसिदको धितोमा रु. ३० करोडभन्दा कम रकमको कर्जा प्रदान गर्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन । | **१. कर्जा तथा सुविधा** :<br>**कर्जा तथा सुविधा :** संस्थाले पूर्वाधार विकाससँग सम्वन्धित परियोजनाहरुमा मात्र कर्जाहरु प्रवाह गर्न सक्ने छ । बैंकले **रु. ३० करोड** प्रति परियोजना भन्दा कम कर्जा तथा सुविधाको सीमा स्वीकृति तथा प्रवाह गर्न सक्नेछैन ।<br>तर,<br>(क) आफुले जारी गरेको मुद्दती निक्षेप रसिदको धितोमा **रु.** ३० करोडभन्दा कम रकमको कर्जा प्रदान गर्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन ।<br>**(ख) संस्थाले प्रादेशिक एवं स्थानीय तहका सरकारहरुको अगुवाईमा Public Private Partnership (PPP) Model बाट प्रबर्द्धित कृषि, स्वास्थ्य, पर्यटन, शिक्षा, फोहरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी परियोजनाहरुमा रु. १० करोड वा सो भन्दा बढी कर्जा तथा सुविधा प्रदान गर्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन ।** |
| **निर्देशन नं.२.को बुँदन नं. १० को उपबुँदा नं. २ र १२** | १०. पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale र Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन ।<br>तर, यस बैंकले तोकेको पुँजीकोष पर्याप्त भएका पूर्वाधार विकास बैंकले ईजाजतपत्रप्राप्त “क” बर्गका बैंकहरुले प्रवाह गरेका पूर्वाधार सम्बन्धित परियोजनाहरुको Credit Sale /Purchase/Re-purchase तथा Takeover पुर्वाधार विकास | १०. पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale /Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन ।<br>तर, यस बैंकले तोकेको पुँजीकोष पर्याप्त भएका पूर्वाधार विकास बैंकले ईजाजतपत्रप्राप्त “क” बर्गका बैंकहरुले प्रवाह गरेका पूर्वाधार सम्बन्धित परियोजनाहरुको Credit Sale |

| | | |
|---|---|---|
| | बैंकलाई तोकिएका अन्य शर्त लगायत देहायका शर्तको अधीनमा रही गर्न सक्नेछन् ।<br>२. पूर्वाधार विकास बैंकको आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सिमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Re-purchase तथा Takeover गर्न सकिने ।<br><br>१२. पूर्वाधार विकास बैंकले कारोवार शुरु गरेको २ वर्षपछि यस किसिमको Credit Sale र Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वतः निष्क्रिय हुने । | /Purchase/Re-purchase तथा Takeover पुर्वाधार विकास बैंकलाई तोकिएका अन्य शर्त लगायत देहायका शर्तको अधीनमा रही गर्न सक्नेछन् ।<br>**२. पूर्वाधार विकास बैंकले कारोवार शुरु गरेको मितिले ४ वर्ष सम्म आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सिमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Re-purchase तथा Takeover गर्न ।**<br><br>**१२. पूर्वाधार विकास बैंकले कारोवार शुरु गरेको ४ वर्षपछि यस किसिमको Credit Sale र Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वतः निष्क्रिय हुने ।** |
| **निर्देशन नं. ३ को बुँदा नं. ७ को उपबुँदा नं.३** | (३) संस्थाले एकै प्रकारका परियोजनाहरुमा आफ्नो कुल बाँकी कर्जा सापटको बढीमा ५० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ ।<br>तर, सञ्चालनमा आएको दुई वर्षसम्म यस व्यवस्थामा छुट प्रदान गरिएको छ । परियोजनागत कर्जाको विवरण फा.नं. ३.१ बमोजिम मासिक रुपमा पेश गर्नुपर्ने छ । | **(३) संस्थाले एकै प्रकारका परियोजनाहरुमा आफ्नो कुल कर्जा वक्यौताको बढीमा ५० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ ।**<br>**तर, सञ्चालनमा आएको चार वर्षसम्म यस व्यवस्थामा छुट प्रदान गरिएको छ । परियोजनागत कर्जाको विवरण फा.नं. ३.१ बमोजिम मासिक रुपमा पेश गर्नुपर्ने छ ।** |

<table>
<tr>
<td>ने.रा.बैंक निर्देशन फा.नं. ३.१, क्षेत्रगत कर्जा</td>
<td>
<table>
<tr><td>४</td><td>कृषि सम्बन्धी पुर्वाधार</td></tr>
<tr><td>४.१</td><td>सिचाइ परियोजना</td></tr>
<tr><td>४.२</td><td>चिस्यान केन्द (cold storage)</td></tr>
</table>
</td>
<td>
<table>
<tr><td>४</td><td>कृषि सम्बन्धी पुर्वाधार</td></tr>
<tr><td>४.१</td><td>सिचाइ परियोजना</td></tr>
<tr><td>४.२</td><td>चिस्यान केन्द्र (Cold storage)</td></tr>
<tr><td>४.३</td><td>कृषि गोदाम (Agro warehouse)</td></tr>
<tr><td>४.४</td><td>कृषि सम्बन्धी उपकरण निर्माण गर्ने कारखाना (Agro related equipment / tools manufacturing company)</td></tr>
<tr><td>४.५</td><td>व्यवसायिक कृषि (Commercial Agro farming)</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>निर्देशन नं. १६.१.(ग)</td>
<td>(ग) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।<br><br>तर, संस्थाको कारोबार सञ्चालन भएको मितिले बढीमा २ वर्षसम्म प्रतिस्पर्धाको माध्यमबाट वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी प्रत्येक बैंकमा बढीमा रु. १ अर्बको सीमामा नबढ्ने गरी निक्षेप जम्मा गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । त्यस्तो निक्षेपबाट प्राप्त ब्याज आम्दानीबाट कर्मचारीलाई बोनस बाँड्न पाइने छैन ।</td>
<td>ग) इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।<br><br>तर, संस्थाको कारोबार सञ्चालन भएको मितिले बढीमा ४ वर्षसम्म प्रतिस्पर्धाको माध्यमबाट वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी प्रत्येक बैंकमा बढीमा रु. १ अर्बको सीमामा नबढ्ने गरी निक्षेप जम्मा गर्न सकिनेछ । त्यस्तो निक्षेपबाट प्राप्त ब्याज आम्दानीबाट कर्मचारीलाई बोनस बाँड्न पाइने छैन ।</td>
</tr>
</table>